Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

264680

नं : MBL/CS/077/78-28

मिति : २०७७/०६/३०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषय : २२ औं बार्षिक साधारण सभा स्थगीत तथा अन्तरिम नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।**

महोदय,

मिति २०७७/०६/१४ मा बसेको यस बैंकको संचालक समितिको ४२९ औं बैठकबाट बैंकको २२ औं बार्षिक साधारण सभा मिति २०७७ कार्तिक ६ गते बिहीबारका दिन होटेल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्कीमा गर्ने निर्णय भई मिति २०७७/०६/१५ र १६ गते सार्वजनिक सूचना प्रकाशित गरिएकोमा कोभिड कहरको संक्रमणमा भई रहेको बृद्धि तथा आसन्न चाडपर्वको कारण शेयरधनी महानुभावहरुलाई उक्त स्थानमा हुने साधारण सभामा भाग लिन कठिनाई हुने परिस्थितीलाई ध्यानमा राखी आज मिति २०७७/०६/३० मा बसेको संचालक समितिको ४३२ औं बैठकबाट उक्त बाईसौं साधारण सभा हाललाई स्थगित गर्ने निर्णय गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

साथै, आर्थिक बर्ष २०७६/७७ को मुनाफाबाट रु.२८,५०,६४,७४४.०० (अर्थात चुक्ता पूँजीको ३.३७ प्रतिशतका दरले) नगद लाभांश (बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) र रु.५९,४६,१६,९३१.०० (अर्थात चुक्तापूँजीको ७.०३ प्रतिशत) बराबरको बोनस सेयर बार्षिक साधारण सभाबाट स्वीकृत गरेर वितरण गर्ने गरी नेपाल राष्ट्र बैंकबाट मिति २०७७/०६/१४ मा स्वीकृति प्राप्त गरेकोमा कोभिड कहरको कारण आम सेयरधनीहरुलाई परेको आर्थिक प्रभाव एवं आसन्न चाडपर्व समेतलाई मध्यनजर गरी कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा ७ तथा यस बैंकको नियमावलीको नियम ३५ को उपनियम ३ बमोजिम पछि बस्ने बैंकको बाईसौं बार्षिक साधारण सभाबाट अनुमोदन गराउने गरी रु. २४,१०,८०,६६०.२५ (अर्थात चुक्ता पूँजीको २.८५ प्रतिशतका दरले) अन्तरिम नगद लाभांश वितरण गर्न नेपाल राष्ट्र बैंकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय समेत भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

भवदीय,

टिका भट्टराई
कम्पनी सचिव

सन्तोष कोइराला
प्रमुख कार्यकारी अधिकृत

Machhapuchchhre Bank Ltd. Head Office



Head Office:
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com

MBL-ADM-00